जिल्ला प्रशासन कार्यालय, काठमाडौं
**इजलाश**
प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल
**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२७/५३ (हातहतियार)

दर्ता मिति :– २०७०/०४/२१

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.३५०६, मिति :– २०७२/०२/२८

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**..................१ | रामप्रसाद अधिकारीको छोरा जि. धादिङ, छत्रे देउराली गा.वि.स.वडा नं.२ घर भई का.जि.,का.म.न.पा.-२१ जैसीदेवल बस्ने वर्ष २९ को शालिग्राम भन्ने सुजन अधिकारी........................................ १ |
| **निजको प्रमाण** | बीरबहादुर ब्लोनको छोरा जि. बारा,अमलेखगन्ज गा.वि.स.,वडा नं.७ घर भई का.जि., का.म.न.पा.-७ मैजुवहाल बस्नेवर्ष ३२ को विजय लामा भन्ने शुक्रबहादुर ब्लोन........................................... १ |
| साक्षी:प्र.स.नि.बालकृष्ण सन्जेल | **निजहरुको प्रमाण** |
| कागज..×.. | साक्षी: शेरबहादुर भुजेल, प्रविनकुमार लामा |
| | कागज: ..×.. |

यस कार्यालयबाट बुझेको प्रमाण:.×....

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

(१) मिति २०७०।३।२८ गते काठमाण्डौं जिल्ला का.म.न.पा. ३, शंखपार्क गेट नजिक बा.५५प १६९४ नं. को मोटर साइकलमा रहेका धादिङ्ग जिल्ला, छत्रेदेउराली-२ घर भै हाल का.म.न.पा. २१ बस्ने सुजन अधिकारीलाई फेला पारी निजको मोटरसाइकल जाँच गर्दा सिटमुनी लुकाई राखेको अवस्थामा ९ एमएम को पेस्तोलमा लाग्ने गोली राउण्ड ४ फेला पारी निजलाई पक्राउ गरी

निजैले खुलाए बमोजिम जि. बारा अमलेषगञ्ज गा.वि.स. वडा नं. ९ घर भै हाल का.म.न.पा. ७ मैजुबहाल स्थित तिर्थबहादुर श्रेष्ठको घरमा डेरा गरी बस्ने बिजय लामा भन्ने शुक्रबहादुर ब्लोनको कोठाको दराजमा मेड इन जापान लेखिएको पेस्तोल थान १ फेला पारी निजलाई समेत पक्राउ गरी आवश्यक कारवाहीका लागि दाखिला गरिएको भन्ने समेत व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) म काठमाण्डौ कालिमाटीमा तरकारी व्यापारको काम गर्छु । करिब १ महिना पहिले विजय लामा भन्ने शुक्रबहादुर ब्लोनसँग चिनजान भई बेलाबेलामा फोन सम्पर्क समेत हुने गर्दथ्यो । यसै क्रममा मिति २०७०।३।२५ गते निजसँग भेट हुँदा निजले म सँग केही समयको लागि मोटरसाईकल मागेकाले मोटरसाईकल दिएको थिएँ । सो मोटरसाइकल निजले मिति २०७०।३।२६ गते ल्याई दिए । मिति २०७०।३।२८ गते साथीलाई भेट्न जाँदा शंखपार्कमा प्रहरीले फेला पारी मोटरसाइकल खानतलासी लिँदा मोटरसाइकलको सिटमुनीबाट ४ राउण्ड गोली फेला पारी प्रहरीले पक्राउ गरेको हो । मैले घटना विवरण वताई दिए पश्चात निज शुक्रबहादुर ब्लोनलाई समेत पक्राउ गरी निजको कोठाबाट पेस्तोल फेला पारी वरामद गरी दुवै जनालाई ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी सुजन अधिकारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

(३) म काठमाण्डौमा सवारी चालकको काम गर्दछु । करिब १ महिना पहिला सुजन अधिकारीसँग चिनजान भएको हो । मिति २०७०।३।२५ गते निजसँग भेटहुँदा निजको मोटरसाईकल मागी बा.५५प १६९४ नं.को मोटरसाइकल लिई मेरो घरको नजिक लुकाई राखेको पेस्तोल र गोली समेत लिई आई मिति २०७०।३।२६ गते निजलाई मोटरसाइकल फिर्ता दिएको थिएँ । निज मिति २०७०।३।२८ मा शंखपार्कमा पक्राउ परेपछि निजले खुलाइदिए बमोजिम मलाई समेत सोही मितिमा पक्राउ गरी मेरो डेराको कोठाबाट पेस्तोल थान १ फेला पारी वरामद गरी पक्राउ गरि ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी विजय भन्ने शुक्रबहादुर ब्लोनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(४) सुजन अधिकारी र शुक्रबहादुर ब्लोन अवैध हातहतियार खरखजाना ओसार पसार गर्ने, खरिद बिक्री गर्ने कार्यमा संलग्न रहेका र हाल निजहरु पक्राउ परी कारवाही भई रहेको भन्ने समेत व्यहोराको शिरोमणि कार्की समेतले गरिदिएको घटना विवरण कागज ।

(५) महानगरीय प्रहरी परिसर, काठमाण्डौबाट अनुसन्धान भई अभियोजनार्थ प्राप्त मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरु सुजन अधिकारी र शुक्रबहादुर ब्लोनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज समेतका मिसिल संलग्न कागज प्रमाणहरुबाट यी प्रतिवादीहरुले विना इजाजत अवैध रुपमा हातहतियार खरखजाना ओसार पसार गर्ने र राख्ने समेतको कार्य गरेको पुष्टि हुन आएकोले निजहरुबाट भए गरेको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) विपरितको कसुर अपराध देखिंदा निजहरुलाई सोही ऐनको दफा २० को देहाय (२) (क) बमोजिम सजाय गरी वरामद हातहतियार तथा खरखजाना तथा ओसार पसार गर्ने कार्यमा प्रयोग भएको बा.५५ प १६९४ नं. को मोटरसाइकल सोही ऐनको दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

(६) म २०५९ सालको अन्त्य तिर तत्कालिन ने.क.पा. माओवादीमा लागेको थिएँ । सोही बखत कमाण्डरले पेस्तोल र गोली दिएका थिए । सो पेस्तोल र गोली मैले सो पार्टी छोडे पछि घरैमा

ल्याई राखेको थिएँ । हाल म काठमाण्डौमा करिव ७ महिना पहिले देखी सवारी चालकको काम गर्दछु । यसै सिलसिलामा काभ्रेतिर घर बताउने नारायण भन्ने व्यक्ति सँग चिनजान भयो । निजले मेरो प्रहरीको केरकार शाखाका कर्मचारी सँग चिनजान छ । हातहतियार छ भने त्यो बुझाई दिएमा केही पैसा पनि दिन्छ । कारवाही पनि हुँदैन भनेकाले मसँग पहिले देखि राखेको पेस्तोल गोली छ, सो ल्याउछुँ, बुझाउन सहयोग गरिदिनुहोस् भनी भन्दा निजले हुन्छ भनेकाले सुजन अधिकारीको बा.५५ प १६९४ नं. को मोटरसाइकल माँगी मिति २०७०।३।२५ गते सो मोटर साइकल लिई मेरो घर बारा अमलेखगञ्ज गई मिति २०७०/०३/२६ गते पेस्तोल र गोली सोही मोटरसाइकलमा लिई आई पेस्तोल आफुले राखी चाबहीलमा निजलाई बोलाई मोटरसाइकल दिएको थिएँ । पेस्तोल झिक्दा चार वटा गोलीमा दुई वटा गोली मोटरसाइकलको सिट मुनी नै छुटेछ । निजले मोटर साइकल लिएर हिंडेको केही समय पछि थाह पाई निजलाई फोन गर्दा रिसिभ भएन । सो कुरा मैले नारायण श्रेष्ठ भन्नेलाई फोनबाट जानकारी दिएको थिएँ । पछि निज सँगपनि सम्पर्क भएन यतिकैमा अर्का प्रतिवादी सुजन अधिकारी शंखपार्कमा पक्राउ परेछन् । निजले बताईदिए बमोजिम मलाई पनि फेलापारी सोधपुछ गर्दा पेस्तोल दराजमा छ भनी मैले नै भनिदिएपछि पेस्तोल वरामद गरी मलाई पनि पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी शुक्रबहादुर ब्लोनले यस कार्यालयमा गरेको वयान ।

(७) शुक्र बहादुर ब्लोनले एकछिनका लागि भनी मोटरसाइकल माँगेकाले मिति २०७०/०३/२५ मा दिएको थिएँ । निजले सो मोटरसाइकल मिति २०७०/३/२६ मा फिर्ता दिए । सो मोटरसाइकल लिएर म साथीलाई भेट्न भनी शंखपार्कमा गएका बखत प्रहरीले मलाई फेला पारी मोटरसाइकल खानतलासी लिंदा मोटरसाइकलको सिट मुनीबाट गोली वरामद भयो भनी पक्राउ गरेर मलाई सोधपुछ गर्दा मलाई थाह छैन, मैले दुईदिन अघि एकजनालाई मोटरसाईकल दिएको थिएँ । निजैले केही गरेको भए थाह भएन भनी वताई निज शुक्रबहादुर ब्लोनकोमा पुऱ्याई दिएको थिएँ । सो पश्चात निजको दराजबाट पेस्तोल समेत वरामद गरी निजलाई समेत पक्राउ गरी ल्याएको हुन्, मैले गोली बोक्ने कार्य गरेको होईन भन्ने समेत व्यहोराको प्रतिवादी सुजन अधिकारीले यस कार्यालयमा गरेको वयान ।

(८) यी प्रतिवादीहरुमध्ये शुक्रबहादुर ब्लोनले यस कार्यालयमा वयान गर्दा आफुले घरबाट सुजन अधिकारीको मोटरसाइकलमा पेस्तोल र गोलीहरु ल्याएको । सो निकाल्न खोज्दा २ वटा गोली मोटरसाइकल भित्रै छुटेको, पछि सुजन अधिकारी पक्राउ परी बताईदिए अनुसार मलाई फेला पारी सोधपुछ गर्दा पेस्तोल आफ्नो डेराको दराजमा छ भनी वताई दिए अनुसार पेस्तोल वरामद गरी ल्याएको हो भनी खुलाएका र अर्का प्रतिवादी सुजन अधिकारीले समेत सोही व्यहोरामा मेलखाने गरी मोटरसाइकल सम्म दिएको तर पेस्तोल र गोलीहरुका सम्बन्धमा थाह नभएको भनी वयानमा लेखाएको समेत देखिंदा पछि ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी सुजन अधिकारी सँग रु. ६०,०००।- धरौटी माँग गरी दिए तारेखमा राखी र नदिए थुनामा राखी तथा अर्का प्रतिवादी शुक्रबहादुर ब्लोनलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४क बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राखी कारवाही अगाडी बढाउनु भन्ने समेत व्यहोराको यस

कार्यालयको मिति २०७०/०४/२२ को आदेश बमोजिम प्रतिवादी सुजन अधिकारीले नगदै धरौट दाखिला गरी थुनामा बसेका र प्रतिवादी शुक्र बहादुर ब्लोन थुनामा बसेका रहेछन् ।

(९) वरामद भएको पेस्तोल स्थानीय स्तरमा बनेको (Home Made) ९ एम एम को गोली फायर गर्न सक्ने भएको । म्यागिजन ९ एम एम को पेस्तोलमा फिट हुने र वरामद गोलीहरु जिवीत रहेको भन्ने समेतको व्यहोराको हातहतियार खरखजाना परीक्षण प्रतिवेदन ।

(१०) वरामदी मुचुल्का र प्रतिवेदन समेतमा भएको व्यहोरा ठीक हो, सहीछाप पनि मेरो समेतको हो । यसमा उल्लेख भएको भन्दा बाहेक अन्य व्यहोरा लेखाउनु पर्ने छैन, प्रतिवादी उपर कानून बमोजिम कार्वाही होस् भन्ने समेत व्यहोराको प्रतिवेदक प्रहरी सहायक निरीक्षक बालकृष्ण सन्जेलले यस कार्यालयमा गरेको वकपत्र ।

(११) सुजन अधिकारीले सफाई पाउनु पर्छ, हातहतियार सुजन अधिकारीको होइन, सुजन अधिकारी विरुद्धको मुचुल्काहरु गलत हो । सुजन अधिकारीलाई सजाय हुनु हुदैन । निजको चरित्र मैले जाने बुझेसम्म राम्रो छ, निज निर्दोष छन् भन्ने व्यहोराको प्रतिवादी सुजन अधिकारीका साक्षीहरु सेरबहादुर भुजेल र प्रविनकुमार लामाले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

(१२) नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।३।२८ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३ महाराजगन्ज स्थित शंखपार्कबाट प्रतिवादी शालिग्राम भन्ने सुजन अधिकारीको मोटरसाइकल बाट (वा ५५प १६९४) लुकाई छिपाई राखेको GMM लेखिएको पेस्तोल गोली राउण्ड ४(चार) तथा का.जि.का.म.न.पा.-७ मैजुबहाल, कुमारीगाल स्थित रविन सापकोटाको घरमा डेरा गरी बस्ने विजय लामा भन्ने शुक्रबहादुर ब्लोनको डेराकोठाबाट Made In Japan लेखिएको पेस्तोल थान १ फेला परेको खानतलासी वरामदी मुचुल्का भई सो मुचुल्काको रोहवरमा यी प्रतिवाीदीले सहीछाप गरेको देखिदा यी प्रतिवादीहरुलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) विपरितको कसूर अपराधमा सोही ऐनको दफा २०(२) (क) बमोजिम सजाँय गरी वरामद हतियार र गोली वरामद भएको मोटरसाईकल ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

(१३) यसमा प्रतिवादीहरुले अभियोग दावी बमोजिम कसुर अपराध गरेका हुन् होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

(१४) अव मिसिल संलग्न कागजातहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा वरामदी मुचुल्का र प्रतिवेदन समेतमा भएको व्यहोरा ठीक हो, सहीछाप पनि मेरो समेतको हो । यसमा उल्लेख भएको भन्दा बाहेक अन्य व्यहोरा लेखाउनु पर्ने छैन, प्रतिवादी उपर कानून बमोजिम कार्वाही होस् भन्ने समेत व्यहोराको प्रतिवेदक प्रहरी सहायक निरीक्षक बालकृष्ण सन्जेलले यस कार्यालयमा गरेको वकपत्र र वरामद भएको पेस्तोल स्थानीय स्तरमा बनेको (Home Made) ९ एम एम को गोली

फायर गर्न सक्ने भएको । म्यागिजन ९ एम एम को पेस्तोलमा फिट हुने र वरामद गोलीहरु जिवीत रहेको भन्ने समेतको व्यहोराको हातहतियार खरखजाना परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेबाट सुजन अधिकारीले चढेको मोटरसाइकलबाट गोली र शुक्र बहादुर ब्लोनको डेरा कोठाबाट पेस्तोल वरामद भएको तथ्यमा कुनै विवाद रहेन ।

(१५) अब सो कसुरमा यी प्रतिवादीहरुको के कस्तो संलग्नता छ भनी विश्लेषण गर्दा प्रतिवादी शालिग्राम भन्ने सुजन अधिकारीले अनुसन्धानका क्रममा वयान गर्दा *म सँगै पक्राउ परी आएका शुक्रबहादुर ब्लोन मेरा चिनजानका साथी हुन् र भेटघाट तथा फोन सम्पर्क समेत भई रहन्थ्यो । यस्तैमा मिति २०७०।३।२५ गते निजले मेरो वा ५५ प १६९४ नं.को मोटरसाईकल मागी मैले दिएको थिए र मिति २०७०।३।२६ गते उक्त मोटरसाइकल मलाई चावहिलमा दिएका थिए । मिति २०७०।३।२८ गते म साथीलाई भेट्न महाराजगन्ज शंखपार्क गएकोमा सोही स्थानमा प्रहरी कर्मचारीहरु आई मलाई सोधपुछ गरी मेरो मोटरसाइकल चेकजाँच गर्दा मोटरसाइकलको सिटमुनी GMM लेखिएको पेस्तोलमा लाग्ने गोली राउण्ड ४ फेला परी मोटरसाइकल तथा गोली समेत वरामद गरी मलाई पक्राउ गरेको हो । त्यस पछि मैले बताए अनुसार प्रतिवादी विजय लामा भन्ने शुक्रबहादुर लामाको डेरा कोठा खानतलासी गर्दा Made In Japan लेखिएको पेस्तोल थान १ वरामद गरी निजलाई समेत पक्राउ गरी ल्याएको हो* भनी कसुरमा इन्कार रही वयान गरेका रहेछन् । अर्का प्रतिवादी विजय लामा भन्ने शुक्रबहादुर ब्लोनले *प्रतिवादी सुजन अधिकारी मेरो चिनजानका साथी हो । कहिले कही भेटघाट फोन सम्पर्क हुने गर्दथ्यो । यसैमा मिति २०७०।३।२५ गते म सँग भेट हुदा मैले निजको वा ५५ प १६९४ नं.को मोटरसाइकल मागी उक्त मोटरसाइकल लिई घर गई नजिक जंगलको रुखको टोड्कोमा मैले लुकाई राखेको पेस्तोल थान १ र गोली राउण्ड ४ लिई मिति २०७०।३।२६ गते काठमाण्डौं आई उक्त मोटरसाइकल शालिग्रामलाई दिएको थिएं । मिति २०७०।३।२८ गते महाराजगन्ज शंखपार्कबाट गोली सहित निज पक्राउ परेछन् । निजले वताई दिए अनुसार मेरो कोठा खानतलासी गरी प्रहरीले Made In Japan लेखिएको पेस्तोल थान १ फेला पारी वरामद गरी मलाई समेत पक्राउ गरी ल्याएको हो । उक्त पेस्तो १०/११ वर्ष पहिला माओवादी क्याम्पबाट भाग्दा लिई लुकाई छिपाई राखेको र उक्त हतियार र गोली मैले शालिग्राम भन्ने सुजन अधिकारीको वा ५५ प १६९४ नं.को मोटरसाइकलको सिटमुनी लुकाई काठमाण्डौं ल्याई भिmकी कोठमा राखेको र गोली राउण्ड ४ झिक्न विर्सेका कारण निजको मोटरसाइकलबाट वरामद भएको हो* भनी कसुरमा सावित रही वयान गरेका रहेछन् ।

(१६) यस कार्यालयमा गरेको वयानमा शालिग्राम भन्ने सुजन अधिकारीले *शुक्रबहादुर ब्लोनसँग दुई महिना पहिले चिनजान भएको र निज तथा मेरो प्रायः भेट भई रहन्थ्यो । मिति २०७०।३।२५ गते निजले मेरो मोटरसाइकल दुई घण्टाका लागि मागी मैले दिएकोमा निजले मिति २०७०।३।२६ गते मोटरसाइकल लिन चाबहील बोलाएको, मोटरसाइकल लिन मिति २०७०।३।२८ गते शंखपार्क गएकोमा छ जना मानिस आई मैले वाइक चालु गर्न खोज्दा पछाडिबाट हानी लडाए र म उठ्न खोज्दा एकजनाले गोली यहाँ रहेछ भनी मलाई पिट्दै कहाँबाट ल्याइस् भनी सोधेका र थाह छैन, दुई दिन अघि एक जनालाई वाइक दिएको थिएँ, उसैले केही गरेको होला भनी शुक्रबहादुर ब्लोनकोमा पुऱ्याई दिएको र निज शुक्रबहादुर ब्लोनले पक्राउ पश्चात वाइकमा पेस्तोल तथा गोली*

*मैले ल्याएको हुँ भनी वयान गरी सकेका छन् । यस कसूरमा मेरो संलग्नता छैन, म निर्दोष छु* भनी कसुरमा इन्कारी वयान गरेका र सो तथ्यलाई निजका साक्षीहरुले समेत समर्थन गरी वकपत्र गरेको देखियो ।

(१७) अर्का प्रतिवादी शुक्रबहादुर ब्लोनले *म माओवादी सेनामा कार्यरत रहदा १ थान पेस्तोल र ४ राउण्ड गोली लिई घरमा ल्याई राखेकोमा एक जना काभ्रे घर बताउने नारायण श्रेष्ठ भन्नेसँग चिनजान भई उक्त हतियार प्रहरीमा आफै लगेर बुझाएमा बीस/पच्चिस हजार पैसा पनि दिन्छ, मेरो प्रहरीसँग राम्रो चिनजान छ भनेपछि बारा घर गई उक्त नं.को मोटरसाइकलमा पेस्तोल र गोली ल्याई राखी बुझाउन उक्त नारायण भन्ने व्यक्तिलाई सम्पर्क गर्दा सम्पर्कमा नआई सुजनको मोटरसाइकल जिम्मा लगाए, गोली चाही मोटरसाइकलमा नै छुटेछ । हतियार गोली कुनै ठाउमा प्रयोग गरेको छैन । पेस्तोल मेरो कोठाबाट र गोली सुजनको मोटरसाइकलमा छुटेकाले सो बाइकबाट पहरीले फेला पारी वरामद गरेका हुन्* भनी साविती वयान गरेका रहेछन् । साथै हातहतियार खरखजाना ल्याउने लैजाने साथ स्वामित्वमा राख्ने कार्यमा आफ्नो संलग्नता नभएको भन्ने कुनै साक्षी प्रमाण निजले पेश गर्न सकेको देखिएन ।

(१८) तसर्थ, मिसिल संलग्न खानतलासी वरामदी मुचुल्का, प्रतिवादी बिजय लामा भन्ने शुक्र बहादुर ब्लोनको साविती वयान, वादीका साक्षीको बकपत्र तथा हतियार परीक्षण प्रतिवेदन समेतका कागजातहरुका आधारमा प्रतिवादी शुक्रबहादुर ब्लोनले लाइसेन्स नलिई हातहतियार एक स्थानबाट अर्को स्थानमा ल्याउने लैजाने गरेको, आफुसँग साथमा राखेको र लिई हिडेको पुष्टी हुन आएकोले निजले अभियोग दावी बमोजिम कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजायतर्फ विचार गर्दा निज प्रतिवादी मिति २०७०।३।२८मा पक्राउ परी प्रहरी हिरासतमा रही हालसम्म थुनामा बसेको र निजले आज यस इजलाश समक्ष जरिवाना मात्रको सजाँय गरी पाउँ भनी अनुरोध गर्नुका साथै वरामद हतियारको परिमाण समेत न्यून रहेको र जरिवानाको सजाय मात्र गर्दा पनि न्यायको उद्धेश्य पुरा हुने भएकोले निजलाई ऐ.दफा २०(२) बमोजिम रु ९५,०००।-(पन्चानब्बे हजार रुपैयाँ) जरिवाना हुन्छ । वरामद पेस्तोल तथा गोली ऐ.दफा १६ बमोजिम जफत हुन्छ ।

(१९) अर्का प्रतिवादी सुजन अधिकारीको हकमा बिचार गर्दा निजले अनुसन्धानको क्रममा र यस कार्यालयमा कसुरमा इन्कार रही वयान गरेका, अर्का प्रतिवादी बिजय लामा भन्ने शुक्र बहादुर ब्लोनले आफुले हातहतियार खरखजाना सुजनको मोटरसाइकलमा राखेको जानकारी सुजनलाई नभएको भनी खुलाएको र सुजनले अन्य प्रयोजनका लागि मात्र प्रतिवादी शुक्रबहादुर ब्लोनलाई आफ्नो मोटरसाइकल दिएको देखिन्छ । हातहतियार खरखजाना ल्याउने लैजाने राख्ने कार्यमा सुजन अधिकारीको कही कतै संलग्नता रहेको पुष्टी हुन नसकेको देखिदा अन्य व्यक्तिले आफ्नो मोटरसाइकलमा जानकारी विना राखेको गोली वरामद भएकै भरमा निजलाई कसुरदार ठहर गर्न मिलेन । निजका साक्षीहरुले समेत यस कार्यालयमा आई सुजन अधिकारी निर्दोष रहेको भनी वकपत्र गरेका छन् । तसर्थ, निज प्रतिवादी शालिग्राम भन्ने सुजन अधिकारीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । वरामद भई अभियोग-पत्रसाथ पेश भएको मोटरसाइकल समेत निज प्रतिवादी सुजन अधिकारीले फिर्ता पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादी बिजय लामा भन्ने शुक्रबहादुर ब्लोन के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु. ९५,०००।- (पन्चनब्बे हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले प्रस्तुत मुद्दामा निज मिति २०७०।३।२८ मा अनुसन्धानका क्रममा पक्राउ परी हालसम्म थुनामा रहेको देखिंदा ठहरेको जरिवाना अ.वं.१२० तथा दण्डसजायको महलको ५३ नं. बमोजिम दाखिला गरे थुना मुक्त गर्न लेखि पठाउनु, जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाय महलको ३८ नं.बमोजिम कैदीपूर्जि दिनु.............१
- प्रतिवादी शालिग्राम भन्ने सुजन अधिकारी के माथी इन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोगदावीबाट सफाई पाउने ठहरेकाले निजले थुनछेक आदेशका क्रममा मिति २०७०।४।२३ मा र.नं.२९६ बाट यस कार्यालयमा राखेको धरौट रकम रु ६०,०००।- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु .............२
- वरामद भई दशीको रुपमा अभियोग पत्रसाथ पेश भएको प्रतिवादी शालिग्राम भन्ने सुजन अधिकारीको वा ५५ प १६९४ नं.को मोटरसाइकल निजलाई फिर्ता दिने ठहरेकोले फिर्ता पाँउ भनी निवेदन दिए अड्डाले खोजेका बखत फिर्ता गर्ने गरी कागज गराई फिर्ता दिनु..........................................................................३
- वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु...............४
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी विजय लामा भन्ने शुक्रबहादुर ब्लोनलाई पुनरावेदन म्याद दिनू..................................................................५
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई पुनरावेदन म्याद सहित प्रस्तुत फैसलाको जानकारी दिनू ...............................६
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.....................................................................७
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू................८

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

इति सम्बत् २०७२ साल जेष्ठ २८ गते रोज ५ शुभम् .......................